IT

## पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

(विगो नं. १८/३४, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर साविक चिलिङदिन गा.वि.स. वडा नं. १ फाल्गुनन्द गा.पा. वडा नं. ४ बस्ने बृखमध्वज नेम्बाङ्ग प्रतिवादी जिल्ला पाँचथर फाल्गुनन्द गाँउपालिका वडा नं. ४ बस्ने सिंहराज नेम्वाङ भएको मु.नं. ०७३-CP-००५४ को लेनदेन मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०७४/०३/२९ को फैसला तथा सोही फैसला सदर हुने ठहरी उच्च अदालत विराटनगर इलाम इजलासबाट मिति २०७६/०३/१५ गतेको फैसला बमोजिम नगद साँवा रकम रु.१,००,०००/- र सो को लिखत भएको मिति २०६८/१२/३० देखि भरिभराउ मिति सम्मको कानून बमोजिम हुन आउने ब्याज रु. ८८२९५।– पछि दाखिला गर्ने नपुग कोर्ट फी रु.१०७३.६८ समेतको विगो रकम भराई पाऊँ भनी वादीको मिति २०७६/११/०५ मा दरखास्त परी प्रतिवादीको नाममा १५ दिने सूचना म्याद जारी गरिएकोमा सो म्याद मिति २०७६/११/१९ मा तामेल भएको निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले विगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका नाममा दर्ता रहेको जेथाको डाक लिलाम गरी बिगो भराईदिनु परेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७७/०९/२६ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७७/१०/२९ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फाल्गुनन्द गा.पा. ४ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय पाँचथरमा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७७/१०/२९ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढावढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढावढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पञ्चकिर्ती मूल्य प्रति रोपनी |
|---|---|---|---|---|---|---|---|
| १ | पाँचथर | चिलिङदिन | ८ग | ११४ | ८-०-२-० | सिंहराज नेम्बाङ | रु.२०,०००।- |
| २ | पाँचथर | चिलिङदिन | ८ख | ३९८ | १-५-२-१ | सिंहराज नेम्वाङ | रु.२०,०००।- |
| ३ | पाँचथर | चिलिङदिन | ८ख | ३९९ | १-६-०-० | सिंहराज नेम्वाङ | रु.२०,०००।- |
| ४ | पाँचथर | चिलिङदिन | ८ख | ४०० | २-१५-१-१ | सिंहराज नेम्वाङ | रु.२५,०००।- |
| ~~[illegible]~~ | ~~पाँचथर~~ | ~~चिलिङदिन~~ | ~~८ग~~ | ~~११४~~ | ~~८-०-२-०~~ | ~~सिंहराज नेम्बाङ~~ | ~~रु.२०,०००।-~~ |

ईति सम्वत २०७७ साल पुष महिना २७ गते रोज २ शुभम्-----------------------------------------------